आज मिति २०७९ साल साउन महिनाको १७ गते मंगलबारको दिन दिउँसो ३:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को प्रथम कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)

२. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/४/१६ गते नगर प्रमुखज्यूबाट मिति २०७९/४/१७ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको प्रथम कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | भुमि वर्गिकरणका लागि समिति गठन सम्बन्धमा । | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७८/०७९, च.नं.५४१, मिति २०७९/०३/०३ गतेको पत्रसाथ संलग्न भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.१६४०, मिति २०७९/०२/२७ गतेको पत्रानुसार खेतीयोग्य जग्गा (कृषि क्षेत्र) वा गैर कृषि क्षेत्र निर्धारण गर्ने प्रयोजनका लागि स्थानीय भु-उपयोग परिषद्ले भु-उपयोग ऐन, २०७६ र भु-उपयोग नियमावली, २०७९ का आधारमा कृषि क्षेत्र र गैर कृषि क्षेत्र वर्गिकरण गर्नु पर्नेछ । सोही निर्णय बमोजिम मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनका लागि सिफारिस गर्नु पर्नेछ भनि लेखी आएको सन्दर्भमा भु-उपयोग ऐन, २०७६ को दफा १८ (२) अनुसार समग्र कार्यपालिकाले नै स्थानीय भु-उपयोग परिषद्को कार्य गर्ने । साथै अन्य तहहरुले यस सम्बन्धमा गरेका निर्णयहरु र सम्बन्धित निकायका प्रमुख र विषय विज्ञलाई समेत समावेश गरी तत्काल आवश्यक छलफल र कारवाही अगाडी बढाउने । |
| २. | केबलकार अनुमति सम्बन्धमा । | • स्मार्टरोज ईन्टरनेशनल प्रा.लि.नामक कम्पनीले यस नगरपालिकाको वडा नं.९ क्षेत्रलाई आधार मानी यस कार्यालयमा दर्ता नं.२२७१, मिति २०७८/१०/२३ मा केबलकार सञ्चालन अनुमति पाउँ भनि निवेदन प्राप्त भएको र वडा नं.९ को च.नं.९७६, मिति २०७८/११/१० गतेको पत्रबाट वडा नं.९ बाट पर्यटकिय स्थल निर्माण एवं यस नगरको दिगो विकास तथा समावेशि विकास परियोजना सञ्चालन गर्न लागेको हुदाँ उक्त परियोजना सञ्चालनको लागि आवश्यक प्रक्रिया अघि बढाईदिनु हुन भनि अनुरोध भई आएको हुदाँ मिति २०७६/०३/०१ गते बसेको ७४ औं नगर कार्यपालिका बैठकको निर्णयानुसार श्री ईको हिल्स कम्पनी प्रा.लि.लाई केबलकार निर्माण गर्न मिति २०७९/०२/३० गते सम्म निर्माण कार्य प्रारम्भ गर्न प्रारम्भिक अनुमति प्रदान गरिएकोमा हालसम्म कुनै पनि प्रगति प्रतिवेदन प्राप्त नभएको र सम्बन्धित क्षेत्रको वातावरणिय प्रभाव मुल्याङ्कनको कार्य समेत अगाडि नबढेकोले उक्त अनुमतिको अवधि समाप्त भईसकेकोले पुनः म्याद थप नगर्ने र उक्त स्थानको आसपास वाणासुर डाँडामा केबलकार निर्माण गरि सञ्चालन गर्नको लागि स्मार्टरोज ईन्टरनेशनल प्रा.लि.ले EIA/IEE प्रकृया अगाडी बढाई केबलकार सञ्चालन गर्न आर्थिक ऐन, २०७९ मा केबलकार सञ्चालन अनुमतिका लागी तोकिएको शुल्क लिई केबलकार सञ्चालनका लागि पुरा गर्नु पर्ने सम्पूर्ण कानूनी प्रकृया पुरा गरी प्रत्येक ६/६ महिनामा प्रगति प्रतिवेदन पेश गर्ने गरी मिति २०७९/०४/१७ गते देखि २०८१/०४/१६ सम्म (२ वर्ष) का लागि र प्रगतिको आधारमा थप १ वर्ष म्याद थप गर्न सक्ने गरी निम्नानुसार भौगोलिक सिमाना (अक्षांश र देशान्तर) रहने गरि केबलकार सञ्चालन गर्न प्रारम्भिक सहमति दिने ।<br>**भौगोलिक सिमाना (अक्षांश र देशान्तर)** |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | १. भष्मासुर डाँडा क्षेत्र<br>उत्तर: २७· ३८'-४३.२२"<br>पूर्व: ८५· १३'-४८.८१"<br>२. माथिल्लो स्टेशन<br>उत्तर: २७· ३८'-५९.०९"<br>पूर्व: ८५· १४'-०.०२"<br>३. तल्लो स्टेशन<br>उत्तर: २७· ३७'-१७.७२"<br>पूर्व: ८५· १५'-३१.०७"<br>४. तल्लो स्टेशन<br>उत्तर: २७· ३७'-८.७९"<br>पूर्व: ८५· १४'-२४.१३" |
| ३. | जिल्ला दररेट अनुमोदन सम्बन्धमा । | • जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा भएको बैठकबाट मिति २०७९ असार ३१ गते आ.ब.०७९/०८० का लागि स्वीकृत भएको जिल्लाको ज्याला दर तथा निर्माण सामग्रीहरुको स्वीकृत दररेटलाई नै आधार मानि चालु आ.ब.२०७९/०८० मा नगरपालिकाले आवश्यक कामकारबाही अगाडी बढाउने गरी जिल्ला दररेट अनुमोदन गर्ने । |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत